# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) रासी उपत्यका (देउखुरी), नेपाल, असोज २७ गते, २०८२ साल (संख्या १०

## भाग २

## लुम्बिनी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

### रासी उपत्यका (देउखुरी), नेपालको

### सूचना

**प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली, २०८२**

प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७५ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यी नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (छैटौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ मा नियम ३१क. थपः</u>** प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३१ पछि देहायको नियम ३१क. थपिएको छः-

"**३१क. <u>सरकारी स्वास्थ्य संस्थाको मापदण्डः</u>** (१) प्रदेश सरकारले स्थापना र सञ्चालन गर्ने सरकारी स्वास्थ्य संस्थाको मापदण्ड नेपाल सरकार वा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड पूरा गर्ने सरकारी स्वास्थ्य संस्थाले सोही मापदण्डमा निर्धारित स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ।"

३. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-६ मा रहेको "अनुमति प्रदान गरिएको सेवाहरूः" भन्ने वाक्यांश पछि देहायको वाक्यांश थपिएको छः-

"अनुमति प्रदान गरिएको शैय्या सङ्ख्याः"

(२) अनुसूची-७ को,-

(क) क्रमसङ्ख्या १४ को,-

(अ) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएको छः-

"(ख) अस्पताल स्थापना तथा सञ्चालनको लागि आफ्नै स्वामित्वको जग्गा हुनु पर्नेछ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्पताल स्थापना तथा सञ्चालनको लागि आफ्नै स्वामित्वको जग्गा नभएकोमा पच्चिस शैय्याको अस्पतालको हकमा कम्तीमा पन्ध्र वर्ष, पचास शैयाभन्दा माथि सय शैय्यासम्मको अस्पतालको हकमा कम्तीमा बिस वर्ष र दुई सय शैय्याको अस्पतालको हकमा कम्तीमा पच्चिस वर्षसम्मको लागि जग्गा भाडा (लिज) मा लिई सो जग्गामा ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड पूरा गरी भवन तथा भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्न सकिनेछ।"

(आ) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) अस्पताल सञ्चालन अनुमति वा नवीकरणको लागि निवेदन दिँदा खण्ड (ग) बमोजिम गरेको भाडा (लिज) सम्झौताको प्रति निवेदनसाथ संलग्न गर्नु पर्नेछ।"

(ख) क्रमसङ्ख्या १५ को,-

(अ) खण्ड (झ) मा रहेका "५५ वर्गमिटरका दरले हुनुपर्नेछ।" भन्ने शब्दहरू पछि "यसरी गणना गर्दा बहुतले अस्पताल भवनको हकमा भुईंतलाभन्दा माथिका तलाहरूको क्षेत्रफल समेत गणना गरिनेछ।" भन्ने शब्दहरू राखिएका छन्।

(आ) खण्ड (ट) मा रहेका "२४ शैय्या सम्मका" भन्ने शब्दहरू झिकी सोही खण्डमा रहेका "निर्माण भएको प्रमाणित हुनुपर्नेछ।" भन्ने शब्दहरू पछि "त्यसरी भवन भाडामा लिँदा कम्तीमा दश वर्ष अवधिको भाडा सम्झौता भएको हुनुपर्नेछ।" भन्ने शब्दहरू थपिएका छन्।

(ग) क्रमसङ्ख्या १६ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अस्पताल स्थापना तथा सञ्चालन गर्नुपूर्व वातावरण संरक्षण सम्बन्धी प्रचलित प्रदेश कानुन बमोजिम पच्चिस शैय्याको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, पच्चिस शैय्याभन्दा माथि सय शैय्यासम्मको अस्पतालको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र सय शैय्याभन्दा बढीको अस्पतालको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको हुनु पर्नेछ।"

४. <u>**खारेजीः**</u> मूल नियमावलीको परिच्छेद-६ खारेज गरिएको छ।

आज्ञाले,

दुर्गा लक्ष्मी श्रेष्ठ
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. ५।-